आज मिति २०८२ साल चैत्र ५ गते विहिवारका दिन विहान ८:१० बजे कालिका गाउँपालिका, गाउँ कार्यपालिकाको आ. व. २०८२/८३ को नवौं बैठक गाउँपालिकाका अध्यक्ष श्री हरिकृष्ण देवकोटा ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बसी देहायका विषयवस्तुहरुमा छलफल गरी निर्णय गरियो।

**उपस्थितिः**

अध्यक्षः श्री हरिकृष्ण देवकोटा

उपाध्यक्षः श्री मिरा तामाङ

वडा अध्यक्षः श्री दावा तामाङ, कालिका -१

वडा अध्यक्षः श्री उमेश बहादुर न्यौपाने, कालिका- २

वडा अध्यक्षः श्री फणिन्द्र प्रसाद न्यौपाने, कालिका- ३

वडा अध्यक्षः श्री खेसम तामाङ, कालिका- ४

वडा अध्यक्षः श्री सन्दिप पौडेल, कालिका- ५

का. पा. .सः श्री किप्पा थोक्रा

" " " श्री लाल माया तामाङ

" " " श्री दुर्गा भट्ट

" " " श्री सर्मिला घले

" " " श्री छेजी याल्मो घले

" " " श्री कृष्ण बहादुर विश्वकर्मा

सचिवः श्री धर्मराज न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत

**आमन्त्रित**

लेखा अधिकृत श्री वाचस्पती सुनुवार

लेखा अधिकृत श्री गोपी पराजुली

शाखा अधिकृत श्री लिलानाथ नेपाल

सहायक पाँचौं श्री प्रेम प्रसाद खनाल

क. अ. श्री विष्णु देवकोटा

कोष.नि. सविना थापामगर (न्यौपाने)

कालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुन्चे, रसुवा
बागमती प्रदेश, नेपाल
२०७३

**प्रस्ताव तथा छलफलका विषयहरू:**

१. शिक्षा युवा तथा खेलकुद शाखाको प्रस्ताव तथा निर्णय सम्बन्धमा ।
२. योजना सम्झौताको अन्तिम मिति तोक्ने सम्बन्धमा ।
३. "घ" वर्गको निर्माण व्यवसाय इजाजत सम्बन्धमा ।
४. युवा लक्षित शिर्षकबाट रकम भुक्तानी सम्बन्धमा ।
५. आयोजनाको नाम शंसोधन सम्बन्धमा ।
६. वडा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
७. लक्षित वर्ग तर्फको कार्यक्रम संचालन सम्बन्धमा ।
८. जेष्ठ नागरिक सम्मान तथा घरदैलो कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
९. स्थानीय शासन कार्य सम्पादन मुल्याङ्कन प्रणाली सँग सम्बन्धित निर्णयहरु सम्बन्धमा ।
१०. विविध ।

## निर्णयहरू:

**निर्णय नं. १**

कालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तरगतको शिक्षा युवा तथा खेलकुद शाखा सँग सम्बन्धित तपशिलका विषयमा तपशिल बमोजिम गर्ने गराउने गरी प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**तपशिल**

क. विद्यालय संचालन तथा मसलन्द खर्च सम्बन्धमा ।
कालिका गाउँपालिकाको चालु आ.व. २०८२/०८३ मा शिक्षा तर्फ विद्यालय संचालन मसलन्द खर्च शिर्षकमा स्विकृत बजेटबाट चालु आ.व. मा विद्यालयको तह अनुसार तपशिल बमोजिमको रकम सम्बन्धित विद्यालयको खातामा निकासा गर्ने निर्णय गरियो ।

**तपशिल**

- माध्यामिक विद्यालयको लागि प्रति विद्यालय रु. २०,०००।–
- आधारभुत विद्यालय (१-८)को लागि प्रति विद्यालय रु. १५,०००।–
- आधारभुत विद्यालय (१-५)को लागि प्रति विद्यालय रु. १०,०००।–

ख. स्वयसेवक शिक्षकहरुको पोशाक भत्ता सम्बन्धमा ।
कालिका गाउँपालिकाको चालु आ.व. २०८२/०८३ मा शिक्षा तर्फ अनुदान प्राप्त शिक्षकहरुको पोशाक खर्च शिर्षकमा स्विकृत बजेटबाट गाउँपालिका अन्तर्गत संचालित सामुदायिक सरकारी विद्यालयमा कार्यरत पालिका/वडा कार्यालयबाट बजेट व्यवस्थापन गरी नियुक्त गरिएका स्वयंसेवक शिक्षक तथा कर्मचारीहरुलाई पोशाक खर्च वापत प्रति शिक्षक/कर्मचारी रु. १००००।– सम्बन्धित विद्यालयको खातामा निकास गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

कालिका गाउँपालिकाको चालु आ.व. २०८२/०८३ का लागि स्विकृत उपभोक्ता समिति/लाभग्राही समूह मार्फत संचालन हुने गाउँपालिकास्तरीय/वडास्तरीय आयोजनाहरुको सम्झौता गर्ने अवधि २०८२ चैत्र ३० गते सम्म कायम गरी सो को जानकारी सबै वडा कार्यालय तथा सम्बन्धित विषयगत शाखाहरुलाई गराउने र तोकिएको अवधि भित्र सम्झौता हुन नआएका आयोजनाहरुको हकमा गाउँपालिकाले सार्वजनिक खरिद ऐन नियमानुसारको विधि वा प्रक्रियाबाट कार्यान्वयन गर्ने/गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

कालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम कालिका गाउँपालिका वडा नं ३, रसुवा स्थायी ठेगाना भएको भूमेस्थान देवी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. ले दिएको निवेदन उपर प्राविधिक समितिबाट आवश्यक कागजात जाचबुझ गरी कार्यविधि बमोजिम इजाजत पत्र उपलब्ध गराउन सिफारिस भै आएको हुँदा उक्त भूमेस्थान देवी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., कालिका-३, रसुवालाई "घ" वर्गको निर्माण व्यवसाय इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो।

कालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा
बागमती प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ४**

कालिका गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लक्षित वर्ग तर्फ युवा लक्षित कार्यक्रमबाट तपशिलको कार्यक्रममा सहभागी भै आर्थिक सहयोगका लागि पेश भएका निवेदनहरु मध्येबाट तपशिलको संस्थाहरुलाई तपशिल बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | कार्यक्रमको नाम | सहयोग प्राप्त गर्ने संस्था | सहयोग रकम |
|---|---|---|---|
| १ | वेरलुङ युवा क्लब गोसाईँकुण्ड-६ धुन्चे रसुवाद्धारा मिति २०८२/०९/१५ देखि १७ गते सम्म आयोजना गरेको जिल्लास्तरीय फुटसल कप २०८२ | श्री कालिका हिमालय मा.वि. कालिका-२, रसुवा | रु. ३५,०००।- |
| २ | लाङ्बु युवा समाज/कल्व नौकुण्ड-१ ले आयोजना गरेको भलिवल प्रतियोगिता २०८२ | श्री ज्याङलाङ युवा समाज कालिका-५, रसुवा | रु. २०,०००।- |

**निर्णय नं. ५**

कालिका गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को स्विकृत निङ्गमा कुइसाङ गुम्बा पूर्वाधार निर्माण शिर्षकको नाम परिवर्तन गरी निङ्गमा कुइसाङ गुम्बा मुर्ति खरिद तथा पूर्वाधार निर्माण शिर्षक राखी कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो । साथै आगामी गाउँ सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

कालिका गाउँपालिका वडा नं. ३ को वडा समितिबाट मिति २०८२/१२/०२ गते भएको तपशिल बमोजिमको बाँडफाँड सम्बन्धि निर्णय अनुमोदनका लागि पेश भएकोमा उक्त निर्णय अनुमोदन गरी कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | कार्यक्रम शिर्षक | कार्यान्वयन गरिने योजना/कार्यक्रम | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | साना तथा आकस्मिक योजना/कार्यक्रम | सडक वत्ती स्थापना | रु.१००,०००।- | |
| | | २० एमएम को खानेपानी पाईप खरिद | रु. ४०,०००।- | |
| २ | विपद् व्यवस्थापन तथा औषधी उपचार सहायता | गोमा गौतम स्वास्थ उपचार सहयोग | रु. २०,०००।- | |
| | | झवराज खतिवडा स्वास्थ उपचार सहयोग | रु. ३०,०००।- | |

**निर्णय नं. ७**

कालिका गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फ लक्षित वर्ग तर्फ तपशिलमा उल्लेखित शिर्षकबाट तपशिल बमोजिमका कार्याक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | कार्यक्रम शिर्षक | विनियोजित रकम | संचालन गरिने कार्यक्रम |
|---|---|---|---|
| १ | दलित जिविकोपार्जन कार्यक्रम | रु. ३८५,०००।- | आधुनिक सिलाई मेसिन तथा आरन सुधारका साथै बाला तथा कलात्मक सामाग्री निर्माण लागि सहयोग गर्ने । |
| २ | महिला जिविकोपार्जन कार्यक्रम | रु. २००,०००।- | मागमा आधारित सिलाई मेसिन र प्लाष्टिक टनेल निर्माण सहयोग |
| ३ | एकल महिला जिविकोपार्जन कार्यक्रम (सीप विकास कार्यक्रम तथा विउ पूँजी) | रु.५,००,०००।- | प्लाष्टिक टनेल निर्माण तालिम तथा टनेल सहयोग |

कालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा
बागमती प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ८**

कालिका गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फ लक्षित वर्ग तर्फ जेष्ठ नागरिक सम्मान तथा घरदैलो कार्यक्रम शिर्षकबाट न्यानो कपडा सिरक, खोल र तन्दा समेतको सेट खरिद गरी गाउँपालिका ८० वर्ष देखि माथिका जेष्ठ नागरिकहरु र "क" वर्गका पूर्ण अपांगता भएका नागरिकहरुलाई वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

संघियमामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा स्थानीय तहहरुको स्वमुल्याङ्कनका लागि निर्माण गरिएको स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन प्रणाली (LGPAS) मा कालिका गाउँपालिकाद्धारा आ.व. २०८१/०८२ मा सम्पादित कार्यहरुको प्रणालीमा भएका सूचकहरुको आधारमा आवश्यक कागजात प्रविष्टी गर्दै जाने क्रममा निम्न सूचकहरुमा निम्नानुसार हुने गरी निर्णय गरी प्रणालीमा प्रविष्टी गर्न गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**तपशिल**

| सूचक तथा उपसूचकले माग गरेको विषय | गाउँ कार्यपालिकाको निर्णय । | कैफियत |
|---|---|---|
| करारोपण सम्बन्धि सो घोषणा सम्बन्धमा | कालिका गाउँपालिकाले विगत देखि हाल सम्म आफ्नो क्षेत्राधिकार रहने विषयमा मात्र कर निर्धारण र संकलन गरेको सो घोषणा गरियो । | |
| जग्गा प्लटिङ वा खण्डीकरण सम्बन्धमा | गाउँपालिकाबाट मिति २०८० जेष्ठ ३० गतेको निर्णयानुसार भू-उपयोग योजना निर्माण गरी मापदण्ड स्विकृत गरिएकोमा भौगोलिक बनोट तथा जनसंख्यालाई मध्येनजर राख्दा जग्गा प्लटिङ वा खण्डीकरण गर्नुपर्ने आवश्यकता नरहेको सो घोषणा गरियो । | |
| आपतकालिक कार्य संचालन केन्द्र संचालन सम्बन्धमा | नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा २३ बमोजिम कालिका गाउँपालिकाको विपद् व्यवस्थापन शाखालाई नै आपतकालिन कार्य संचालन केन्द्रको रुपमा आवश्यक व्यवस्थापन गरी संचालनमा ल्याउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो । | |
| गैर सरकारी संस्थाहरुको बजेट गाउँ सभामा पेश तथा स्विकृती सम्बन्धमा | आ.व. २०८१/०८२ मा यस गाउँपालिका अन्तरगत कुनै पनि गैरसरकारी संस्थाहरु कार्यक्रम तथा बजेट सहित क्रियाशिल नरहेको सो घोषणा गरियो । | |
| जिल्ला समन्वय समितिको अनुगमन सम्बन्धमा | आ.व. २०८१/०८२ मा जिल्ला समन्वय समिति रसुवाबाट कालिका गाउँपालिकाको कुनै पनि पूर्वाधार तथा अन्य विषयको अनुगमन नभएको हुनाले अनुगमन प्रतिवेदन प्राप्त नभएको सो घोषणा गरियो । | |

**निर्णय नं. १० विविध १**

कालिका गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को स्विकृत कार्यक्रम औषधी उपचार सहायता शिर्षकको रकम कालिका गाउँपालिकाको विपद्/प्रकोप व्यवस्थापन कोषमा जम्मा गरी उक्त कोषबाट तपशिल बमोजिम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

| सहायताको प्रकार | सहायता प्राप्त गर्नेको विवरण | सहयोग रकम रु. |
|---|---|---|
| स्वास्थ उपचार सहायता | मुरली बुलुन कालिका-२ | रु.५०,०००।- |
| | रुद्र कुमारी पुडासैनी अधिकारी कालिका-३ | रु.३०,०००।- |
| | प्रदिप लामिछाने कालिका-४ | रु.४०,०००।- |
| | निमा ब. तितुङ कालिका-१ | रु.३०,०००।- |
| | सुदिप भुषाल कालिका-२ | रु.३०,०००।- |
| विपन्न किरिया खर्च | स्व. गंगामाया स्याङ्बाको छोरा टासी तामाङलाई कालिका-२ | रु.१०,०००।- |

कालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा
बागमती प्रदेश, नेपाल
२०७३